# काठमाडौँ महानगरपालिका
# द्वितीय त्रैमासिक परीक्षा-२०८२
## अनिवार्य नेपाली

**कक्षा : ९ (नौ)** **पूर्णाङ्क : ७५**
**समय : ३ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| अनुपम | गाता |
| मियो | कुख्यात |
| कलरव | अतुलनीय |
| जिल्दा | दाइँ गर्न खलाको बिचमा गाडिने खम्बा |
| | मेवा |
| | मिठो र सुरिलो आवाज |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

हामीले आफूलाई आवश्यक पर्ने ताजा तरकारी आफ्नै करेसाबारीमा उत्पादन गर्नु आवश्यक हुन्छ। यसबाट आफ्नो घर सेरोफेरोको जग्गा सदुपयोग हुनाका साथै महङ्गो र कीटनाशक विषादीयुक्त तरकारी किन्नु पर्ने अवस्थाबाट मुक्ति मिल्छ। तर रसायनिक मल स्वास्थ्यका लागि हानिकारक हुन्छ ।

(क) 'आलो' को पर्यायवाची शब्द ..............हो ।
(ख) 'दुरुपयोग' को विपरीतार्थी शब्द........... हो ।
(ग) ...............अनेकार्थी शब्द हो ।
(घ) सिङ्गो शब्द ........ हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा प्राविधिक/पारिभाषिक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** २

खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ माइकल फेराडेले चुम्बकीय क्षेत्रबाट विद्युतीय धारा उत्पादन गर्न सकिन्छ भन्ने प्राक्कल्पना गर्दै त्यसलाई सफल पारेरै छाडे ।



**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् : १)** १

(क) (अ) बातावरणीय (आ) वातावरणीय
(इ) वाताबरणीय (ई) बाताबरणीय
(ख) (अ) कन्चनजङ्घा (आ) कङ्चनजङ्घा
(इ)कण्चनजङ्घा (ई) कन्चनजङ्घा

**(ख) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** २

विद्यालयको वातावरण र शिक्षकका आचरणबाट निस्सृत असल प्रभावलेनै विद्यार्थीको बहुमुखि व्यक्तित्व मुस्कुराउन सक्छ

**५. रेखाङ्कित पदको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

हामी सफलताभन्दा पनि आफ्ना गल्ती र असफलताबाट बढी सिक्छौँ किनकि गल्ती नै हाम्रा शिक्षक हुन् ।

**६. दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

**(क) दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

अनियन्त्रित जनसङ्ख्या वृद्धि, बढ्दो सहरीकरण, स्रोत साधनको अत्यधिक प्रयोग आदि नै पर्यावरण विनाशका कारण हुन्। यी सबै मानव क्रियाकलापसँग सम्बन्धित छन् । कुनै पनि विकास कार्यक्रमले केही न केही पर्यावरणीय क्षति त अवश्य निम्त्याउँछ ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

रमिताकी एउटी बहिनी छिन् । दिदीबहिनी असाध्यै मिल्छन् । उनीहरू खुरुखुरु आआफ्नो काम गर्छन् । मामाको घर होस् वा भानिज दाइको घर दुवैजना सँगसँगै जान्छन् । साना साना कुरामा पनि रमाउँछन् । भान्साकोठा र पूजाकोठाको सरसफाइ पनि मिलेर गर्छन् ।

प्रकोप असन्तुलित पर्यावरणकै कारण उत्पन्न हुने गर्छन् । अम्लीय वर्षा, हरितगृह प्रभाव तथा ओजन तह क्षयीकरण आदि वर्तमान पर्यावरणीय चुनौतीभित्र पर्छन् । यी सबै कारणले गर्दा जीवजन्तु, वनस्पति तथा मानव जीवनमा नकारात्मक असर पर्न सक्छ ।

**प्रश्न**

(क) पर्यावरण असन्तुलनका कारण लेख्नुहोस् । ?

(ख) वर्तमान पर्यावरणीय चुनौतीलाई कसरी समाधान गर्न सकिन्छ ? ?

**(ख) तल दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

राक्षसलाई मारेपछि कालजितले गाउँलेलाई बोलाएछ र सबै मिलेर राक्षसको सद्गत गरेछन् । कालजितलाई गाउलेले प्रशंसा गरेर आफ्नो गाउँको प्रमुख चुनेछन् । त्यसपछि कालजितले मावलीमा गएर आमालाई लिएर आएछ । ऊ आफ्नो घर, खेतीबाली समाली बस्न थालेछ । काललाई पनि जितेर गाउँमा सुखशान्ति दिएको हुनाले गाउँलेले कालजितलाई सम्मानपूर्वक राख्न थालेछन् । सानो व्यक्तिको बुद्धि र पुरुषार्थले पनि सधैंका लागि गाउँमा शान्ति ल्याउन सफल भएछ ।

**प्रश्न**

(अ) कालजितको चरित्र चित्रण गर्नुहोस् ।

(आ) माथिको कथांशको आशय लेख्नुहोस् ।

**१७. दिइएको प्रश्नको तार्किक उत्तर दिनुहोस :** **४**

के तपाइँ विद्यालयले विद्यार्थीको व्यक्तित्व विकास गर्न सक्छ भन्ने कुरामा सहमत हुनुहुन्छ ? आफ्ना तर्क प्रस्तुत गर्नुहोस् ।

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** **४**

(क) ज्ञानभूमि, तपोभूमि, स्वप्नभूमि यही गर्वसाथ गाउने गर्छ, जय धर्ती माता !

(ख) एउटा गरिब र विपन्न परिवारको व्यक्ति पनि आफ्नो अठोट र लगाव भयो भने जस्तोसुकै लक्ष्यमा पुग्न सम्भव हुँदो रहेछ ।



**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** **७**

**(क) दिइएको नियात्राको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।**

हामीलाई अब लोनाक हुँदै रामताङ पुग्नु थियो । लोनाक पुग्नका लागि अझै ७०० मिटर उक्लनुपर्छ । उचाइका कारण खतरा हुन सक्ने सम्भावनातर्फ सचेत हुँदै खाम्बोचेनमै बास बसी भोलिपल्ट बिहानै हिंड्यौं । ठाउँ ठाउँमा ढुङ्गा खस्ने र पहिरा पार गर्नुपर्ने भएकाले लोनाकतर्फको गोरेटो पनि ज्यादै चुनौतीपूर्ण थियो । तिब्बती भेडा न्यानो खोजेर पहिराका कुना कुनामा बसिरहेका देखिन्थे । मान्छे पहिरो नजिक पुग्दा ती भाग्थे । ढुङ्गाको वर्षा नरोकिएसम्म पर्खनुपर्थ्यो । करिब १५ मिनेटको त्यो कठिन आरोहणपछि हामी फेरि प्राकृतिक सौन्दर्यमा रम्न थाल्यौं ।

**प्रश्न**

(अ) पदयात्राका रमाइला क्षण र आइपर्ने कठिनाइ बारे नियात्राका आधारमा चर्चा गर्नुहोस् ।

**(ख) दिइएको कथाको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।**

त्यति नै बेला फोनको घन्टी बज्यो । सायद अस्ट्रेलिया वा अमेरिकाबाट आएको होला भनी रामनाथले फोन उठाउन जाँगर देखाएनन् । खालि फोनबाटै आमाको हालचाल सोधी औपचारिकता निर्वाह गर्ने छोराहरूप्रति रामनाथको मनमा वितृष्णा जागृत भएर आयो । फोन धेरैबेर चिच्याइरह्यो कानै खाने गरी । केहीबेरपछि थाकेर चुप लाग्यो ।

**प्रश्न :**

(अ) वर्तमान समयमा छोराछोरी विदेसिएका कारण बाबुआमाले भोग्नुपरेको समस्यालाई समय पीडा कथाका आधारमा समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** **७**

(क) शिक्षण सिकाइमा एआइको प्रयोग

(ख) अनुशासनको महत्त्व

(ग) मलाई मन पर्ने खेल

धन्यवाद !

**७. दिइएको अनुच्छेदलाई सामान्य भूतकालमा परिवर्तन गर्नुहोस् :** २

बहिनी मिहिनेती छिन् । उनी परीक्षामा सफल हुन्छिन् । उनी पुरस्कार पाएर दङ्ग पर्छिन् । उनी खुसी हुँदै घर आउँछिन् ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) सम्भावनार्थ भावका फरक फरक क्रियापद प्रयोग गरी चार वाक्यमा आफ्नो पढाइको बारेमा वर्णन गर्नुहोस् ।

(ख) दिइएका सामान्य आदरका वाक्यलाई मध्यम आदरमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् ।

शर्मिला घाँस काट्न जङ्गल जाने छे । जङ्गलमा उसले थुप्रै चराचुरुङ्गी देख्ने छे । उसले स्याल कराएको सुन्ने छे । हिंस्रक जनावर भेटिन्छ कि भनेर ऊ कराउने छे ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) विद्यार्थी पाठ पढ्छन् । (कर्मवाच्य)

(ख) हिजोदेखि सुरु भएको क्रिकेट खेलमा धेरै समूह सहभागी भएका छन् । (वाक्य विश्लेषण)

(ग) गुरुले भन्नुभयो, "सेवा गरे मेवा मिल्छ ।" (अप्रत्यक्ष कथन)

(घ) प्रतिष्ठा फुटबल खेल्थिन् । (प्रेरणार्थक)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** ४

बालक्लबले आमा समूह, युवाक्लब जस्ता सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्न सक्छ । यसले सामाजिक विकृति र विसङ्गतिका विरुद्ध सकारात्मक भूमिका निर्वाह गर्न सक्छ । बालबालिकाको आनीबानीमा परिवर्तन ल्याई सामाजिक मूल्य, मान्यता, संस्कृति र आचरण वृद्धि गर्न पनि विभिन्न खालका सचेतनामूलक कार्यक्रम आयोजना गर्नु आवश्यक छ । यस्ता गतिविधि सञ्चालनबाट बालबालिकाको अधिकार र कर्तव्यप्रति सचेतना जगाउन सकिन्छ । हाम्रो यस विद्यालयमा गठित बालक्लबले पहिले विद्यालयमा र त्यसपछि समाजमा गएर सचेतना फैलाउने उद्देश्य राखेको छ ।

**प्रश्न**

(क) 'यसले सामाजिक विकृति र विसङ्गतिका विरुद्ध सकारात्मक भूमिका निर्वाह गर्न सक्छ ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित 'बालक्लबले' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) माथिको अनुच्छेदबाट एउटा सरल वाक्य पहिचान गरी लेख्नुहोस् ।

(घ) 'हाम्रो यस विद्यालयमा गठित बालक्लबले विद्यालयमा र समाजमा सचेतना फैलाउने उद्देश्य राखेको छ ।' वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

परिश्रम जीवनको पूजा हो, मानवीय उन्नति र प्रगति कारक हो । परिश्रमी मानिसको हातलाई ईश्वरले पनि चुम्छन् । परिश्रमीले समयमाथि विजय पाउन सक्छ, भाग्यलाई चुनौती दिन सक्छ, मानवीय सभ्यतामा नयाँ आयाम थप्न सक्छ । विपन्नताबाट सम्पन्नतामा पुग्न, अभावबाट पूर्णतातिर जान, असफलताबाट सफलताको शिखर चुम्न, आफ्ना महत्वाकाङ्क्षालाई मूर्त रूप दिन चाहने जोसुकैले पनि परिश्रम गर्नैपर्छ । परिश्रमबाटै मानिस सामान्यबाट विशिष्ट हुन्छ, ठुलाठुला पद र प्रतिष्ठा आर्जन गर्न सक्छ । विश्व विजयी बन्न सक्छ, आखिर परिश्रमले के गर्न सक्दैन ? समुद्रमा बस्ती बसाउन सक्छ, पहाडलाई समथर मैदानमा परिणत गर्न सक्छ, मरुभूमिलाई हराभरा पार्न सक्छ, धर्ती फोरेर हिरा निकाल्न सक्छ, समुद्र छेडेर मोतीका दाना टिप्न सक्छ । अर्थात् असम्भव जस्तो लाग्ने हरेक काम परिश्रमले सम्भव बनाउन सक्छ ।

**प्रश्न**

क) परिश्रम के हो ?

ख) परिश्रमीले के गर्न सक्छ ?

ग) परिश्रमी हातलाई कसले चुम्छ ?

घ) मानिस कसरी विशिष्ट बन्न सक्छ ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क)** दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् ।

**नाम :** गङ्गालाल श्रेष्ठ

**जन्ममिति :** वि.सं. १९७५ मङ्सिर २२

**जन्मस्थान :** रामेछाप

**पितामाता :** भक्तलाल/तुलसीकुमारी श्रेष्ठ

**शिक्षा :** पाँच वर्षको उमेरमा अक्षरारम्भ, ९ वर्षको उमेरमा कलकत्ता गई पढेका

**प्रेरणा र योगदान**

- कलकत्तामा बस्दा भारतको स्वतन्त्रता सङ्ग्रामको आन्दोलनदेखि त्यसबाट अत्याचारका विरुद्धमा लड्ने प्रेरणा
- राणाविरोधी गतिविधिमा सक्रिय
- वि.सं. १९९७ कात्तिक २ गते राणा सरकारबाट गिरफ्तार
- आँट, साहस, निडरता र पराक्रमका प्रतिमूर्ति
- देश, जनता र स्वाधीनताका लागि जीवन उत्सर्ग

**मृत्यु :** वि.सं. १९९७ माघ २४ गते काठमाडौंको शोभा भगवतीमा राणाद्वारा गोली हानी हत्या ।

**(ख) 'सडक दुर्घटना' शीर्षकमा दुई जना साथीबिच भएको कुराकानीका आधारमा संवादको नमुना तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) तपाईंको विद्यालयले रजिस्ट्रेसन फाराम भरी शिक्षा विकास तथा समन्वय एकाइलाई पठाउने पत्रको नमुना तयार गर्नुहोस् ।

(ख) तपाईंको विद्यालयमा मनाउन लागिएको अभिभावक दिवसका लागि अभिभावकलाई लेखिने निमन्त्रणापत्र तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गर्नुहोस् :** २

सत्यमोहन जोशी नेपाली भाषा, लोक साहित्य, संस्कृति आदि क्षेत्रमा अनवरत रूपमा योगदान दिने विशिष्ट व्यक्तित्व हुन् । उनको जीवनका महत्त्वपूर्ण योगदानहरूमा गाईजात्रा महोत्सवको आरम्भ, कलाकार अरनिकोबारे अन्वेषण, प्राचीन नेपाली मुद्राको खोजी आदि अविस्मरणीय छन् । त्यस्तै नेपाल भाषा एकेडेमीको स्थापना, चिनियाँ कविताको नेपाली अनुवाद तथा कर्नाली लोकसंस्कृतिको अनुसन्धानमा समेत उनको अहम् योगदान देखिन्छ । उनले व्यक्तिगत जीवनमा उल्लेखनीय प्रगति गर्न सक्थे तर त्यसको पछाडि कहिल्यै लागेनन् । उनको ध्येय त केवल राष्ट्र र राष्ट्रियताका लागि अनवरत रूपमा समर्पित रहनु थियो । व्यक्तिगत जीवन र श्रीसम्पत्तिलाई तुच्छ ठानेर राष्ट्रहित र राष्ट्रियतालाई उच्च ठान्दै सङ्घर्षलाई जीवनको पर्याय ठान्ने कर्मशीलताका महारथी हुन् सत्यमोहन जोशी । यसरी जीवनका उकाली ओरालीमा हातेमालो गर्दै अघि बढे जीवनमा सफलता निश्चित छ ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

विद्यालयमा विद्यार्थीको शिक्षक र साथीसँग सोझो सम्पर्क हुन्छ । विद्यार्थीका लागि शिक्षक पनि आमाबुबा जस्तै आदर्श हुन्छन् । संवेदनशील र सहानुभूतिपूर्ण स्वभाव भएका शिक्षकबाट विद्यार्थीको व्यक्तित्वमाथि गहिरो प्रभाव पर्छ । कक्षाका साथीको राम्रो र नराम्रो व्यवहारको पनि विद्यार्थीमाथि धनात्मक र ऋणात्मक प्रभाव पर्छ। यसरी हामी के भन्न सक्छौं भने शिक्षकको प्रभावशाली व्यक्तित्व, उसको सहानुभूतिपूर्ण व्यवहार, विषयगत योग्यता तथा शिक्षण शैलीको विद्यार्थीको व्यक्तित्वमाथि अनुकूल र राम्रो प्रभाव पर्छ । शिक्षकको मनोवृत्ति तथा व्यवहारको प्रभाव विद्यार्थीको व्यक्तित्वमाथि अनायास रूपमै परेको हुन्छ । शिक्षकले पढाएका कुरा सँगसँगै उहाँहरूका आनीबानी, बोलीवचन र व्यवहारबाट विद्यार्थीले धेरै कुरा सिकिरहेका हुन्छन् ।

**१६. दिइएका प्रश्नको उत्तर दिनुहोस् :** (४ + ४ = ८)

**(क) दिइएको संवादको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

पर्यावरण सन्तुलन बिगार्ने गरी अनावश्यक वस्तु थपिँदा वातावरण असन्तुलित हुन पुग्छ जसलाई हामी वातावरण प्रदूषण भन्छौं । उद्योगधन्दा, कलकारखाना, मोटरगाडीबाट निस्किने धुवाँ तथा अन्य रासायनिक पदार्थले हाम्रो वायुमण्डल, जमिन, पानी आदि प्रदूषित पार्छन् । बाढी, पहिरो, खडेरी, अतिवृष्टि, महामारी, अनिकाल जस्ता प्राकृतिक